**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- प्रधान मन्त्री नरेन्द्र मोदीले, विकसित भारतको बाटो जनताको एकतामा निहित रहेको बताउनुभएको छ।
- गृहमंत्री अमित शाहले छत्तीसगढ़को रायपुरमा पुलिस महानिदेशकहरु अनि र महानिरीक्षकहरुको **60 औ** अखिल भारतीय सम्मेलनको उद्घाटन गर्नुभयो।
- इन्डोनेसियाको आचेह, उत्तर र पश्चिम सुमात्रामा आएको बाढी र पहिरोमा परी मृत्यु हुनेको संख्या 174 पुगेको छ। राष्ट्रिय
- श्रीलंकाको तटीय इलाकामा बनेको चक्रवाती तूफ़ान **दित्वा** बिगत 6 घन्टामा 7 किलोमीटर प्रति घन्टाको गतिले उत्तर-पश्चिम तर्फ बढिरहेको छ।
- भारतका तन्वी शर्मा, उन्नति हुड्डा अनि किदांबी श्रीकांत **सैयद मोदी अंतर्राष्ट्रीय बैडमिंटन प्रतियोगिताको** सेमी-फाइनलमा प्रवेश गरेका छन्।

**<u>प्रधानमंत्री - गोवा</u>**

प्रधान मन्त्री नरेन्द्र मोदीले, विकसित भारतको बाटो जनताको एकतामा निहित रहेको बताउनुभयो। प्रधान मन्त्रीले भन्नुभयो, धेरै कठिन परिस्थितिहरू हुदाहुदै पनि गोवाले आफ्नो मौलिक संस्कृतिलाई मात्र संरक्षण गरेको छैन, समयसँगै यसलाई पुनर्जीवित पनि गरेको छ। गोवाको कानाकोनामा श्री संस्थान गोकर्ण परातागाली जीवोत्तम मठको कार्यक्रममा बोल्दै श्री मोदीले समाजमा यस ऐतिहासिक मठको निरन्तर योगदानको प्रशंसा गर्नुभयो। उहाँले मठलाई भावी पुस्तालाई प्रेरणा दिने मूल्यमान्यतालाई कायम राख्ने आधारशिलाको रूपमा वर्णन गर्नुभयो। श्री मोदीले भन्नुभयो, यस संस्थाले आस्था, मानवता र संस्कृतिको रक्षा गरेको छ।

सो अवसरमा प्रधानमन्त्रीले परतगलीमा रहेको भगवान श्रीरामको ७७ फिट अग्लो कांस्य प्रतिमाको अनावरण गर्नुभयो। उहाँले नयाँ रामायण थिम पार्क, बगैँचा र भगवान रामलाई समर्पित दस हजार वर्ग फिटको संग्रहालय पनि समर्पित गर्नुभयो भने एक विशेष हुलाक टिकट र स्मारक सिक्का पनि जारी गर्नुभयो।

**<u>गृहमंत्री शाह - डी.जी.पी-आई.जी.पी. सम्मेलन</u>**

गृहमंत्री अमित शाहले छत्तीसगढ़को रायपुरमा पुलिस महानिदेशकहरु अनि र महानिरीक्षकहरुको **60 औ** अखिल भारतीय सम्मेलनको उद्घाटन गर्नुभयो। गृहमंत्रीले भन्नुभयो कि प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा यो सम्मेलन देशको आंतरिक सुरक्षा चुनौतिहरुको समाधान गर्नको लागि एक महत्वपूर्ण मंच हो जसमा समस्याहरु अनि चुनौतिहरु चिन्हित गर्न देखि लिएर रणनीति अनि नीतिहरु बनाउन सम्म सामेल छन्। **नक्सलवाद बारे** श्री शाहले भन्नुभयो – बिगत सात बर्षहरुमा , केंद्र सरकारले 586 पुलिस स्टेशन बनाएर सुरक्षा ग्रिडलाई बलियो बनाएको छ। यसले नक्सल प्रभावित जिल्लाहरुको संख्या बर्ष 2014 मा 126 देखि घटेर आज मात्र 11 रहेको उहाले बताउनुभयो। अघिल्लो सम्मेलन भन्दा पुर्व देश, नक्सलवादको खतराबाट पूर्ण रुपमा मुक्त हुने श्री शाहले बाचा गर्नुभएको छ। उहाले भन्नुभयो कि मोदी सरकारले तीन प्रमुख चुनौतिहरु - नक्सलवाद, पूर्वोत्तरमा

उग्रवाद अनि जम्मू-कश्मीरमा आतंकवादको स्थायी समाधान दिएको छ जो देशका लागि ठुलो समस्या बनिरहेको थियो। सरकारी उपायहरु बारे गृहमंत्रीले भन्नुभयो कि राष्ट्रीय जांच अभिकरण- **एन.आइ.ए.** लाई दह्विलो बनाईएको छ। गैर-कानूनी गतिविधि निवारण अधिनियम- **यू.ए.पी.ए.** लाई अझ बलियो बनाईएको छ। तीन वटा नयाँ आपराधिक कानून ल्याईएको छ अनि नारकोटिक्स तथा भागेका अपराधिहरु बिरुद्ध कडा कानून बनाईएको छ। यी कानूनहरु एक पल्ट पूर्ण रुपले लागू भएपछि भारतमा पुलिस सेवा विश्वकै सर्वाधिक आधुनिक हुनेछ। चरमपंथी अनि मादक पर्दार्थहरु बारे श्री शाहले भन्नुभयो कि हामीले नारकोटिक्स अनि संगठित अपराध माथि जबरदस्त प्रहार गर्न पर्नेछ अनि यस्तो तंत्र बनाउन पर्नेछ कि ड्रग तस्करहरु अनि अपराधिहरुलाई यस देशमा एक इंच पनि जग्गा प्राप्त नहोस्। उहाले भन्नुभयो - राज्य पुलिस बलहरुले मादक-पदार्थ नियंत्रण ब्यूरो- **एन.सी.बी.** सित मिलेर काम गर्न पर्नेछ अनि राज्य, राष्ट्रीय अनि अंतर्राष्ट्रीय स्तरमा काम गरिरहेका नारकोटिक्स समूहहरु माथि कडा कार्रवाही गर्न पर्नेछ।गृहमंत्रीले अझ भन्नुभयो कि केंद्र सरकारले पॉपुलर फ्रंट ऑफ इंडिया- **पी.एफ.आइ.** माथि प्रतिबंध लगाए पछि यसको ठिकानाहरुमा देश भरिमै छापा मारियो अनि पक्राउ गरियो , जो केंद्र अनि राज्यहरु बीच तालमेलको एउटा उत्कृस्ट उदाहरण हो। प्रधानमंत्री नरेंद्र मोदीले आज अनि भोली हुने सम्मेलनको बेग्ला-बेग्लै सत्रहरुको अध्यक्षता गर्नुहुनेछ। उहाले सम्मेलनको अवधि विशिष्ट सेवाका लागि राष्ट्रपति पुलिस पदक पनि प्रदान गर्नुहुनेछ।

**इंडोनेशिया-बाढ़**

इन्डोनेसियाको आचेह, उत्तर र पश्चिम सुमात्रामा आएको बाढी र पहिरोमा परी मृत्यु हुनेको संख्या 174 पुगेको छ। राष्ट्रिय आपदा प्रबंधन व्यवस्थापन एजेन्सीले 12 जना घाइते भएको र 79 जना हराइरहेको जनाएको छ। उत्तरी सुमात्रा बाढी र पहिरोबाट सबैभन्दा बढी प्रभावित भएको छ र 116 जनाको मृत्यु भएको छ भने ४२ जना बेपत्ता भएका छन्। आचेह प्रान्तमा ३५ जनाको मृत्यु भएको छ भने २५ जना बेपत्ता छन् र आठ जना घाइते भएका छन् भने पश्चिम सुमात्रामा २३ जनाको मृत्यु भएको छ भने १२ जना हराइरहेका छन् भने चार जना घाइते भएका छन्। धेरै जिल्लामा सडक र पुलमा क्षति पुगेको छ। जसमा करिब ३ हजार 9 सय परिवार अस्थायी आश्रयमा जानुपरेको छ। बिहीबार आचेहको तटीय क्षेत्रमा 6.3 म्याग्नीच्यूडको भूकम्प गएको मौसम विभागले जनाएको छ। भूकम्पबाट कुनै मानवीय र भौतिक क्षतिको विवरण प्राप्त भएको छैन।

**तमिलनाडु - चक्रवात**

श्रीलंकाको तटीय इलाकामा बनेको चक्रवाती तूफ़ान **दित्वा** बिगत 6 घन्टामा 7 किलोमीटर प्रति घन्टाको गतिले उत्तर-पश्चिम तर्फ बढिरहेको छ। खराब मौसमको कारण छिमेकी द्वीप देश श्रीलंका धेरै प्रभावित बनेको छ। मौसम विभागको ताजा रिपोर्ट अनुसार, यो श्रीलंका देखि लगभग 40 किलोमीटर पश्चिममा छ। यो कराईकलदेखि 270 किलोमिटर दक्षिण-पूर्वमा , पुडुचेरीदेखि 380 किलोमिटर अनि चेन्नईको दक्षिण देखि 490 किलोमीटर टाडो छ। एक अनुमान अनुसार, यो श्रीलंकाको उत्तर-पश्चिम तर्फ बढ्ने अनि यसै महिनाको 30 तारीख बिहान सम्म उत्तरी तमिलनाडु अनि दक्षिण आंध्रको तटहरु नजिक दक्षिण-पश्चिम बंगालको खाड़ी सम्म पुग्ने आशंका छ। तूफान **दित्वा** को कारण चेन्नई अनि श्रीलंका बीच उड़ानहरु माथि पनि प्रभाव परेको छ। तटीय इलाकाहरुका लागि चेतावनी जारी गरिएको छ , किनभने भोली आइतबार सम्म तमिलनाडुको तटहरुमा 70 देखि 80 किलोमीटर प्रति घंटाको गतिमा तिब्र हावा चल्ने सम्भावना छ।

**जीएसटी-खाद्य क्षेत्र**

नरेन्द्र मोदी सरकार द्वारा विभिन्न क्षेत्रहरुमा जीएसटी दर घटाईए पछि गत 22 सितम्बर देखि शुरू भएको जीएसटी बचत उत्सवले देशभरिकै नागरिकहरुलाई लाभ भैरहेको छ। यसै क्रममा आज हामी अघिल्लो पीढ़ीलाई जीएसटी सुधारहरुबाट खाद्य क्षेत्रलाई कसरी बढ़ावा प्राप्त भैरहेको छ यसबारे जानकारी दिईरहेका छौ।

BYTE

ट्रम्प-बाइडेन ऑटोपेन

अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपले हिज ट्रुथ सोशलमा भन्नुभएको छ कि उहाले ती सबै कार्यकारी आदेशहरु अनि

अन्य दस्तावेजहरु रद्द गर्नुहुदैछ जसमा पूर्व राष्ट्रपति जो. बाइडेनले व्यक्तिगत रूपमा हस्ताक्षर गर्नुभएको थिएन। श्री ट्रंप पूर्व राष्ट्रपतिको कार्यकालमा बिभिन्न दस्तावेजहरुमा ऑटोपेन द्वारा हस्ताक्षर गरिएको श्री ट्रंपले बताउनुभयो। ऑटोपेन एउटा एस्तो उपकरण हो जसले दस्तावेजहरुमा राष्ट्रपतिको हस्ताक्षर स्वतः गर्दछ। आफ्नो पोस्टमा श्री ट्रंपले भन्नुभयो कि ऑटोपेनको प्रयोग तबसम्म गर्न सकिंदैन जबसम्म राष्ट्रपतिले यसको अनुमति दिदैनन्।

**सैयद मोदी बैडमिंटन**

भारतका तन्वी शर्मा, उन्नति हुड्डा अनि किदांबी श्रीकांत **सैयद मोदी अंतर्राष्ट्रीय बैडमिंटन प्रतियोगिताको** सेमी-फाइनलमा प्रवेश गरेका छन्। लखनऊमा महिला सिंगल्समा , तन्वी शर्माले हांगकांगका सिन यान हैप्पी लो लाई पराजित गरेर अंतिम चारमा आफ्नो स्थान पक्का गरेका छन्। उनको भिडन्त जापानको हिना अकेची सित हुनेछ।उन्नति हुड्डाले पनि बढ़त बनाउदै देशकै रक्षिता रामराजलाई पराजित गरे। उनको अघिल्लो भिडन्त तुर्किएका नेसलीहान एरिन सित हुनेछ। पुरुष सिंगल्समा , किदांबी श्रीकांत सेमी-फाइनलमा पुगेका छन्। उनको भिडन्त मिथुन मंजूनाथसित हुनेछ। महिला डबल्समा , गायत्री गोपीचंद अनि त्रिशा जोलीको जोड़ीले बेंगिसु एर्सेटिन अनि नाज़लिकन इंसीलाई पराजित गरेर सेमी-फाइनलमा प्रवेश गरेका छन्। मिक्स्ड डबल्समा त्रिशा जोली अनि हरिहरन अम्साकारुननले ऑस्ट्रेलियाई जोड़ीलाई पराजित गरेर सेमी-फाइनलमा आफ्नो स्थान पक्का गरेका छन्।

****** ० ******